# पाठ ६ यूहन्ना ६

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

येशूले पाँच हजारलाई खुवाउनुभएको
येशू पानीमाथि हिँड्नुभएको
मानिसहरूले येशूलाई खोजेका
जीवनका रोटी, येशू
अनन्त जीवनका वचन

## येशूले पाँच हजारलाई खुवाउनुभएको

यूहन्ना ६:१-५ पढ्नुहोस्।

येशूका अर्का चेला मत्तीले यस आश्चर्यकर्मको बारेमा उनको सुसमाचारको १४ अध्यायमा अझ धेरै कुरा हामीलाई बताएका छन्। भीड़बाट अलग हुनका लागि येशू र उहाँका चेला



हरू कुनै एकान्त ठाउँमा जानुभएको थियो। तर मानिसहरू उहाँका पछि लागे र उहाँले रोगीहरूलाई निको पारिदिनुहुन्छ भनी ती रोगीहरूलाई उहाँकहाँ लिएर गए। अनि येशूले तिनीहरूलाई निको पार्नुभयो। येशूले मानिसहरूमाथि दया देखाउनुभयो। दिन धेरै बितिसकेको थियो। प्रत्येक व्यक्ति भोकाएको थियो र खानेकुरा ल्याउनका लागि त्यहाँ कुनै ठाउँ थिएन।

उहाँले यसपछि गर्नुभएका कामहरूबाट येशूले हामीलाई धेरै पाठहरू सिकाउनुभएको छ। परमेश्वर, हामीमा र हाम्रा आवश्यकताहरूमा चासो लिनुहुन्छ भनी उहाँले हामीलाई अवगत गराउनुभएको छ। अनि उहाँले हाम्रा आवश्यकताहरूको वास्ता गर्न सक्नुहुन्छ भनी उहाँले हामीलाई देखाउनुभएको छ।

यहाँ अनुवाद गरिएको "रोटी" शब्दले अति नै सानो रोटीको सम्बोधन गर्छ। पाँचवटा रोटीहरू र दुइवटा साना माछाहरू एक भोकाएको केटाको निम्ति पुग्ने खाजा वा खाना हुन्थ्यो। तर प्रभुले चाहिँ रोटी र माछा माग्नुभयो, र त्यस

केटाले पनि ती सबै प्रभुलाई दियो। येशूले यस खाजामा आशिष् दिनुभएपछि ५००० पुरुषहरूले यसलाई खाएर यो अझै उब्रियो। अनि यो केटा पनि भोकै रहनुपरेन। उसले खान सक्ने जति उसले पायो। हामीसँग भएका कुरा परमेश्वरलाई दिँदा हामीले कहिल्यै केही गुमाउँदैनौं। हामीले उहाँलाई दिएको भन्दा अझ धेरै कुरा उहाँले हामीलाई दिनुहुन्छ।

आफूसँग भएको कुराको निम्ति येशूले परमेश्वरलाई धन्यवाद दिनुभएपछि खानेकुरा प्रशस्तसँग बढ़ेको थियो। परमेश्वरले हामीलाई दिनुभएका कुराहरूका निम्ति जब हामी उहाँलाई धन्यवाद दिन्छौं, उहाँले हाम्रा आवश्यकताहरूलाई पूरा गरिदिनुहुन्छ।

चेलाहरूले पनि त्यस आश्चर्यकर्ममा सहायता पुऱ्याए। येशूले भाँच्नुभएको खानेकुरा येशूको हातबाट प्राप्त गरेपछि यो वृद्धि भयो र मानिसहरूको आवश्यकता पूरा भयो। परमेश्वरको वचनलाई कहिलेकहीँ रोटी र खानेकुरा भनिन्छ। हामीले उहाँको वचनलाई अरूहरूसँग बाँड्दा परमेश्वरले यसलाई आशिष् दिनुहुन्छ र आत्मिक रूपमा भोका व्यक्तिहरूलाई तृप्त पार्नुहुन्छ।



येशूले सबै कुरा सधैँ नै सुव्यवस्थित ढङ्गले सञ्चालन गर्नुभयो। ठूलो भीड़लाई गोलमालविना नै खुवाउन सक्नाको लागि उहाँले सबै थोकलाई संगठित पार्नुभयो। उब्रेका सबै टुक्राहरू बटुल्नका लागि उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो र यसरी हामीले केही थोक पनि खेर फाल्नुहुँदैन भनी उहाँले हामीलाई सिकाउनुभएको छ।

यस आश्चर्यकर्मद्वारा मानिसहरू उत्तेजित भएका थिए। तिनीहरूकहाँ पठाउनका लागि परमेश्वरले प्रतिज्ञा गर्नुभएका मसीह मोशाजस्तै अगमवक्ता हुनुहुनेछ। मोशाले प्रार्थना गरे र परमेश्वरले मानिसहरूलाई उजाड़-स्थानमा मन्ना जुटाउनुभयो। येशू ख्रीष्टले पनि उजाड़-स्थानमा आश्चर्य प्रकारले ठूलो भीड़लाई खुवाउनुभयो। उहाँ अगमवक्ता, मसीह हुनैपर्छ। तिनीहरूले उहाँलाई राजा बनाउन चाहे।

तर रोमी सरकारलाई हटाउन र आफ्नो देशको शासक बन्नको निम्ति येशू आउनुभएको थिएन। ठीक किसिमले जीवन जिउन चाहनेहरूमा पापको शक्तिलाई हटाउनका निम्ति उहाँ आउनुभएको थियो। उहाँ धैरै जीवनहरूका प्रभु र राजा बन्नुहुनेछ, तर उहाँको राज्य राजनीतिक नभएर आत्मिक थियो। मानिसहरूले यसलाई बुझ्न सकेनन्, यसैले उहाँले तिनीहरूलाई छोड्नुपर्‍यो।

### तपाईंको अभ्यासको निम्ति

१ खानुभन्दा पहिले के तपाईं आफ्नो खानाको निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउनुहुन्छ? .............................. के अबदेखि तपाईं यसो गर्न तयार हुनुहुन्छ? ..................................

२ केटासँग भएका पाँचवटा रोटी र दुइवटा माछाद्वारा येशूले के आश्चर्य काम गर्नुभयो?

क. १२ जना चेलाहरूलाई खान पुग्ने गरी उहाँले खानेकुरा बनाउनुभयो।

ख. उहाँले बाह्र डाला भरिने गरी खानेकुरा बनाउनुभयो।

ग. पाँच हजार पुरुषहरूलाई प्रशस्त खुवाएर पनि उब्रिने गरी उहाँले खानेकुरा बनाउनुभयो।

३ येशूले मानिसहरूलाई खुवाउनुभएपछि मानिसहरूले के गर्न चाहेका थिए?

क. आफ्ना पापहरूबाट पश्चात्ताप गरी उद्धार पाउन।

ख. येशूलाई आफ्नो देशको राजा बनाउन।

ग. येशूलाई आफ्ना आत्मिक शासकका रूपमा ग्रहण गर्न।

## येशू पानीमाथि हिँड्नुभएको

यूहन्ना ६:१६-२१ पढ्नुहोस्।

गालीलको ताल तरेर फर्कनलाग्दा, तिनीहरू डराए, किनकि समुद्रको छाल उर्लन लागेको हुनाले तिनीहरूको डुङ्गा डुब्न लागेको थियो। येशू पानी माथि-माथि हिँड़ेर तिनीहरू भएका ठाउँमा आई तिनीहरूलाई उद्धार गर्नका लागि डुङ्गामा चढ्नुभयो। पानी माथि-माथि को हिँड्न सक्छ वा कसले समुद्रको छाललाई उर्लनबाट रोक्न सक्छ? कुनै साधारण मानिसले यसो गर्न सक्छ? येशूले सबै थोक गर्न सक्नुहुन्छ, किनकि उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ।

येशूलाई डुङ्गामा पाउनु हाम्रो जीवनमा येशूलाई पाउनुजस्तै हो। समस्याका हूरीबतासमा हामी उहाँसँग सुरक्षित छौं। उहाँले डरलाई हटाउनुहुन्छ र हामीलाई शान्ति दिनुहुन्छ। बाइबल समयका भजन लेखक दाऊदले यसरी लेखेका छन्ः

> "यस दुःखित मानिसले परमप्रभुलाई पुकार गर्‍यो, अनि उहाँले सुन्नुभयो र त्यसलाई त्यसका सबै कष्टबाट बचाउनुभयो" (भजनसंग्रह ३४:६)।

**तपाईंको अभ्यासको निम्ति**

४ के परमप्रभुले कहिल्यै तपाईंका डरहरूलाई हटाएर तपाईंलाई शान्ति दिनुभएको छ र तपाईंलाई समस्याहरूबाट छुटकारा दिनुभएको छ? ......................। यसको निम्ति उहाँलाई धन्यवाद दिनुहोस्।

## मानिसहरूले येशूलाई खोजेका

यूहन्ना ६:२२-२४ पढ्नुहोस्।

येशू अति नै प्रख्यात बन्नुभएको थियो। उहाँ जहाँ-जहाँ जानुभयो भीड़ उहाँको पछि लाग्यो। तिनीहरूले चाहेकाजस्तो राजा हुन सक्ने व्यक्ति उहाँ नै हुनुहुन्छ भनी तिनीहरूले विचार गरेका थिए। आफ्नो आश्चर्यकर्म गर्ने शक्तिद्वारा उहाँले सबै रोगीहरूलाई निको पार्न सक्नुहुन्थ्यो। उहाँले तिनीहरूलाई खुवाउनुहुन्थ्यो र तिनीहरूले काम नै गर्नुपर्दैनथ्यो।

त्यस बेला येशूको घर गालीलको समुद्रको पश्चिम किनारको कफर्नहुम शहरमा थियो। उहाँलाई नेता बनाउन चाहने भीड़ उहाँलाई भेटनका लागि त्यहीँ पुगेको थियो। तर येशूले तिनीहरूको मागलाई पूरा गरिदिनुभएन। तर पछि गएर उहाँका शत्रुहरूले उहाँलाई विद्रोह मच्चाउन कोशिश गर्ने व्यक्ति भनी दोष लगाए, तर त्यो दोष कति मूर्खता थियो भन्ने कुरा सबै मानिसहरूलाई थाहा थियो।

**तपाईंको अभ्यासको निम्ति**

**५** त्यस बेला येशूको घरचाहिँ कहाँ थियो?

**क.** भूमध्यसागर वरिपरिको कफर्नहुममा।
**ख.** गालीलको समुद्रको किनारको कफर्नहुममा।
**ग.** नासरतमा

## जीवनको रोटी येशू

यूहन्ना ६:२५-५९ पढ्नुहोस्

मानिसहरूले येशूमा विश्वास गरेको परमेश्वर चाहनुहुन्छ भनी येशूले सिकाउनुभयो।

> "परमेश्वरले चाहनु भएअनुसार तिमीहरूले गर्नुपर्ने काम यही हो कि जसलाई उहाँले पठाउनुभयो, उसमाथि विश्वास गर" (यूहन्ना ६:२९)।

येशूले आफूलाई मन्ना खुवाएको तिनीहरू चाहन्थे। मन्नाभन्दा पनि अझ उत्तम कुरा आफूसँग भएको कुरा तिनीहरूले जानेको येशू चाहनुहुन्थ्यो। परमेश्वरले स्वर्गबाट तल पठाउनुभएको जीवनको रोटी उहाँ नै हुनुहुन्छ।

मानिसहरूले उहाँको मासु खानुपर्छ र उहाँको रगत पिउनुपर्छ भनी येशूले भन्नुहुँदा केही मानिसहरू रिसाएका थिए। यो आलंकारिक भाषाको अर्को एक उदाहरण हो। मानिसहरूले आफ्ना शरीरभित्र खानेकुरा लिएझैँ, तिनीहरूले उहाँलाई पनि आफ्ना जीवनभित्र लिनुपर्छ भन्ने अर्थ येशूले लगाउनुभएको थियो। खानेकुराले तिनीहरूलाई शारीरिक जीवन दियो। उहाँले तिनीहरूलाई अनन्त जीवन दिनुहुनेछ।

केही समयपछि येशूले आफ्ना चेलाहरूलाई रोटी र दाखमद्य दिनुभयो र तिनीहरूलाई भन्नुभयो कि यिनीहरूले उहाँको शरीर र रगतको प्रतिनिधित्व गर्छन्। यसरी तिनीहरूले एकैसाथ खाँदा प्रत्येक समयमा उहाँको मृत्युको याद गर्नू भनी उहाँले तिनीहरूलाई भन्नुभएको छ। त्यसैले आज हामी प्रभुभोज वा पवित्र भोजमा सहभागी हुन्छौं। प्रभु-भोज लिँदैमा कसैले उद्धार पाउँदैन। पापबाट उद्धार नपाउञ्जेलसम्म प्रभुभोज लिनुहुँदैन भनी बाइबलले हामीलाई चेताउनी दिएको छ।

**तपाईंको अभ्यासको निम्ति**

**६** यस खण्डमा तपाईंले सबैभन्दा बढ़ी मन पराउनुभएको पदको मुनि धर्को तान्नुहोस्।

**७** यूहन्ना ६:२६ कण्ठ गर्नुहोस्।

**८** "तिमीहरूले मानिसको पुत्रको देह खाएनौ, र उसको रगत पिएनौ भने, तिमीहरूमा जीवन हुँदैन" भनी येशूले भन्नुहुँदा उहाँले के अर्थ लगाउनुभएको थियो?

**क.** मानिसहरूले साँच्चै नै उहाँको शरीर खानुपर्ने थियो।
**ख.** मानिसहरूले उहाँको वास्तविक रगत नै पिउनुपर्ने थियो।
**ग.** मानिसहरूले खाँदा खानेकुरा लिएझैं, तिनीहरूले आफ्ना जीवनमा उहाँलाई लिनुपर्ने थियो।

**९** प्रभुभोजको उद्देश्य के हो?

**क.** योचाहिँ हामीलाई पापबाट उद्धार गर्नका लागि हो।
**ख.** योचाहिँ हामी मण्डलीका सदस्य हौं भनी देखाउनका लागि हो।
**ग.** योचाहिँ येशूको शरीर र रगतलाई प्रतिनिधित्व गर्नका लागि हो; येशूको मृत्युको सम्झना गर्नका लागि विश्वासीहरूले प्रभुभोज लिने गर्छन्।

## अनन्त जीवनका वचन

यूहन्ना ६:६०-७१ पढ्नुहोस्।

आज येशूको पछि लाग्न शुरू गर्नेहरूमध्ये कोही-कोही निराश भई उहाँबाट तर्केर जान्छन्। चेलाहरूले पनि उहाँलाई छोड्न चाहन्छन् कि भनी उहाँले तिनीहरूलाई प्रश्न गर्नुभयो। पत्रुसले भने, "हे प्रभु हामी कसकहाँ जाऔं? तपाईंसित अनन्त जीवनका वचन छन्।" पत्रुसले भनेका कुराको सत्यता बुझ्नु हाम्रो लागि अति नै महत्त्वपूर्ण छ।

येशूको बारेमा जानेर मात्र पुग्दैन, तर अनन्त जीवन पाउनका लागि हामीले उहाँलाई चिन्नैपर्छ। तपाईंले तपाईंको देशको मुख्य शासकको बारेमा जान्नुभएको होला, तर उहाँलाई तपाईंले व्यक्तिगत रूपमा चिन्नुभएको छैन होला। येशूलाई आफ्ना व्यक्तिगत मुक्तिदाताका रूपमा नचिनीकन धेरै व्यक्तिहरूले येशूको बारेमा जानेका छन्।

> "अब अनन्त जीवन यही हो कि तिनीहरूले तपाईं एक मात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईंले पठाउनुभएका येशू ख्रीष्टलाई चिनून्" (यूहन्ना १७:३)।

के तपाईंले येशूलाई तपाईंका आफ्नै मुक्तिदाताका रूपमा चिन्नुभएको छ? यदि तपाईंले चिन्नुभएको छैन भने, आफ्ना पापहरूका स्वीकार गरी परमेश्वरले दिनुहुने उद्धारको निम्ति उहाँसँग तपाईंले अहिले नै प्रार्थना गर्नुहोस्। तपाईंको उद्धारको आशा, तपाईंले के गर्नुभएको छ भन्ने कुरामा होइन तर तपाईंको निम्ति ख्रीष्टले के गर्नुभएको छ भन्ने कुरामा आधारित छ।

**तपाईंको अभ्यासको निम्ति**

**१०** यूहन्ना १७:३-लाई कण्ठ गर्नुहोस्।

**११** पत्रुसले के भने?

**क.** "हे प्रभु हामी कसकहाँ जाऔं? तपाईंसित अनन्त जीवनका वचन छन्।"
**ख.** "हे प्रभु, यो शिक्षण त अति नै कठिन छ।"
**ग.** "हे प्रभु, हामीले खानाको लागि तपाईंले आफ्नो शरीर कसरी दिन सक्नुहुन्छ?"

**१२** उद्धार पाउनका लागि तपाईं आफैले के गर्नैपर्छ?

**क.** तपाईंका निम्ति येशू मर्नुभयो भनी तपाईंले विश्वास गर्नुपर्छ र तपाईंका मुक्तिदाताका रूपमा उहाँलाई ग्रहण गर्नुपर्छ।

**ख.** उहाँको बारेमा केही कुराहरू सुनेर येशूको बारेमा तपाईंलाई थाहा भएकै हुनुपर्छ।

**ग.** यस पत्राचार अध्ययन पाठ्यक्रममा तपाईंले उत्तम श्रेणी प्राप्त गर्नैपर्छ।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

८ ग) मानिसहरूले खाँदा खानेकुरा लिएझैं, तिनीहरूले आफ्ना जीवनमा उहाँलाई लिनुपर्ने थियो।

२ ग) पाँच हजार पुरुषहरूलाई प्रशस्त खुवाएर पनि उब्रिने गरी उहाँले खानेकुरा बनाउनुभयो।

६ ग) योचाहिँ येशूको शरीर र रगतलाई प्रतिनिधित्व गर्नका लागि हो; येशूको मृत्युको सम्झना गर्नका लागि विश्वासीहरूले प्रभुभोज लिने गर्छन्।

३ ख) येशूलाई आफ्नो देशको राजा बनाउन।

११ क) "हे प्रभु हामी कसकहाँ जाऔं? तपाईंसित अनन्त जीवनका वचन छन्।"

५ ख) गालीलको समुद्रको किनारको कफर्नहुममा।

१२ क) तपाईंका निम्ति येशू मर्नुभयो भनी तपाईंले विश्वास गर्नुपर्छ र तपाईंका मुक्तिदाताका रूपमा उहाँलाई ग्रहण गर्नुपर्छ।